कटहरी गाउँपालिकाको ऐम्बुलेन्स सेवा सञ्चालन निर्देशिका, २०७७

गाउँपालिकाको बैठकबाट स्वीकृत मिति २०७७/१०/२१

पहिलो संशोधन मिति २०८१/१२/१६

कटहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कटहरी, मोरङ
कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

## कटहरी गाउँपालिका

## एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका, २०७७

**प्रस्तावना**

कटहरी गाउँपालिका, मोरङ्ग भित्र खास गरी स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेका बासिन्दालाई स्वास्थ्य सेवामा सर्वसुलभ पहुँच पुर्याउनका लागि एम्बुलेन्स सेवा संचालनलाई पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित गर्न तथा एम्बुलेन्स सेवामा जनताको पहुँच बढाई सेवाको गुणस्तर बृद्धि गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (२) को अधिकार प्रयोग गरी कटहरी गाउँपालिकाले देहायको निर्देशिका जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ**

(क) यो निर्देशिकाको नाम "एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका, २०७७" रहेको छ ।

(ख) यो निर्देशिका गाउँपालिकाले स्वीकृत गरेको मितिबाट प्रारम्भ हुनेछ ।

**२. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेका यस निर्देशिकामा:

(क) "एम्बुलेन्स" भन्नाले बिरामी ओसार्ने स्विकृति प्राप्त गरेको बहान सम्झनुपर्छ र सो शब्दले एम्बुलेन्समा जडित उपकरण, चालक र परिचारिका समेतलाई जनाउँछ ।

(ख) "एम्बुलेन्स जनशक्ति" भन्नाले एम्बुलेन्समा उपस्थित रहने स्वास्थ्यकर्मी र चालक सम्झनुपर्छ ।

(ग) "चालक" भन्नाले एम्बुलेन्स चलाउने चालक सम्झनुपर्छ ।

(घ) "गाउँपालिका" भन्नाले कटहरी गाउँपालिका सम्झनुपर्छ ।

(ङ) "सेवा शुल्क" भन्नाले एम्बुलेन्स प्रयोग गरेबापत सेवाग्राहीले बुझाउनु पर्ने गरी समितिले तोकेको शुल्क सम्झनुपर्छ ।

(च) "समिति" भन्नाले दफा ३ बमोजिम गठित एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति सम्झनुपर्छ ।

(छ) "सेवा" भन्नाले एम्बुलेन्सले बिरामीलाई दिने सम्पुर्ण सेवा सम्झनुपर्छ ।

कटहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कटहरी, मोरङ कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

**३. एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समितिः**

(१) एम्बुलेन्स सेवा सञ्चालनको व्यवस्थापन तथा रेखदेख गर्न देहायको पदाधिकारीहरु रहेको एक गाउँ एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति रहेनछ ।

(क) गाउँपालिका उपाध्यक्ष - संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) सामाजिक विकास समितिका संयोजक - सदस्य

(घ) गाउँपालिकाको स्वास्थ्य संयोजक - सदस्य

(ङ) कटहरी स्वास्थ्य चौकी प्रमुख - सदस्य सचिव

२. समितिको कुल सदस्य संख्या मध्ये एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठक बस्नको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

३. समिति बैठक आवश्यकता अनुसार बस्नेछ । समिति बैठक भत्ता रु. १००० (एक हजार मात्र) तोकिएको छ । महिनामा दुई पटक भन्दा बढी बैठक भत्ता लिन पाइने छैन ।

४. समिति बैठक सम्बन्धी अन्य व्यवस्था र कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**४.समितिको काम, कर्तव्य र अधिकारः** (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) एम्बुलेन्स सेवा पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित रुपमा सञ्चालन गरे, नगरेको अनुगमन गर्ने ।

(ख) चालकले पालना गर्नुपर्ने आचारसंहिता लागू गराउने । यस निर्देशिका अनुसारको आचारसंहिता पालना नगर्ने चालकलाई चेतावनी दिने र आचारसंहिता पालना गर्न लगाउने ।

(ग) एम्बुलेन्स सेवाको बारेमा कुनै गुनासो तथा उजुरी आएमा सोको सुनुवाई तथा व्यवस्थापन गर्ने ।

(घ) एम्बुलेन्सको निश्चित मापदण्डको आधारमा भाडा निर्धारण गर्ने, एक पटक निर्धारण गरेको भाडा दुई वर्ष नपुगी पुनरावलोकन गर्न नपाईने ।

(ङ) सरोकारवाला तथा अन्य संघहरु बिच आवश्यकता अनुसार एम्बुलेन्स सेवा बारे समिक्षा बैठक गर्ने ।

(च) गाउँपालिकाको विशिष्टतालाई ध्यानमा राखि एम्बुलेन्स सेवा सञ्चालनको लागि आवश्यक थप मापदण्ड बनाउने ।

कटहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कटहरी, मोरङ कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

(छ) चालकले अनुसुची बमोजिम सेवा शुल्क लिई बैंक/कोषमा दाखिला गरे नगरेको समय समयमा निरिक्षण गर्ने ।

(२) समितिको सदस्य सचिवले सेवा प्रवाह स्थितिको अद्यावधिक विवरण प्रत्येक वर्षको अषाढ मसान्तमा गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

**५. सेवा शुल्क सम्बन्धी व्यवस्था:** (१) एम्बुलेन्स सेवा प्रयोग गरेवापत सम्बन्धित सेवाग्राहीले अनुसुची (१) मा उल्लेख भए बापत उठेको रकम गाउँपालिका अर्न्तगत कटहरी स्वास्थ्य चौकीको बैंक खातामा जम्मा गर्नेछ ।

(२) सेवा शुल्क बापत दिइने रकमको असुलीका लागि गाउँपालिकाले तोके बमोजिमको नगद रसिद छपाई उपलब्ध गराउने छ । नगदी रसिदको अभिलेख/नियन्त्रण खाता स्वास्थ्य चौकीमा रहने छ ।

(३). सेवा दिए बापत लिइने सेवा शुल्क नगदी रसिद काटी बैंक खातामा जम्मा गर्ने जिम्मेवारी सम्बन्धित चालकको हुनेछ ।

(४) कोषको रकम गाउँ कार्यपालिकाले स्वीकृत गरेको वार्षिक कार्ययोजना अनुसार मात्र खर्च गर्न पाइने छ । कोषका रकम सामान्यतया चालकको तलब, भत्ता, इन्धन, एम्बुलेन्सको मर्मत सम्भार र एम्बुलेन्समा रहेने अति आवश्यक सामग्रीको खरिदमा खर्च गरिनेछ ।

**६. चालकको नियूक्ति र सेवा सुविधा:**

(१) एम्बुलेन्स सेवा संचालनका लागि गाउँपालिकाले एक जना योग्यता पुगेको चालक सेवा करारमा नियूक्ति गर्नेछ ।

(२) चालकको सेवा सुविधा दफा (३) बमोजिमको समितिले निर्धारण गरे बमोजिम वा गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

(३) चालकको रु. २ लाख सम्मको दुर्घटना बिमा गरिनेछ । बिमाको प्रिमियम बापतको रकम यसै निर्देशिका बमोजिमको कोषबाट बेहोरिने छ ।

(४) चालकले पालना गर्नुपर्ने आचारसंहिता अनुसुचि (२) बमोजिम हुनेछ ।

कटहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कटहरी, मोरङ
कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

**७. एम्बुलेन्स रहने स्थान सो को मर्मत सम्भारः**

(१) एम्बुलेन्स कटहरी गाउँपालिकामा रहने छ ।

(२) एम्बुलेन्स नियमित मर्मत सम्भार गर्ने जिम्मेवारी चालको रहने छ ।

**८. विविधः**

(१) एम्बुलेन्समा रहने न्युनतम सेवा सुविधा तथा औषधीको विवरण समितिले तोके बमोजिम वा नियमानुसार हुनेछ ।

(२) एम्बुलेन्समा सवार बिरामी, बिरामीका आफन्त तथा स्वास्थ्यकर्मीको बिमाको दायित्व सेवाग्राही स्वयंको हुनेछ ।

(३) यस निर्देशिकामा आवश्यकता अनुसार संशोधन र हेरफेर समितिको सिफारिसमा गाँउपालिकाले गर्न सक्नेछ ।

(४) संचार खर्च बापत सवारी चालकलाई प्रति महिना रु. १०००।(अक्षरेपी रु.एक हजार रुपैया) यसै कोषमा संचित भई रहेको रकमबाट दिईने छ ।

(५) २४ औं घण्टा कार्य गरे बापतको सेवाको लागि दैनिक रु.२००। (अक्षरेपी रु. दुई सय रुपैया)को खाजा खर्च बापतको रकम सवारी चालकलाई प्रति महिना यसै कोषमा संचित भई रहेको रकमबाट दिईने छ ।

©४ र ५ पहिलो संशोधनबाट संशोधित

प्रमुख प्रशासकीय अधिकृत

## अनुसुचि १

(निर्देशिकाको दफा (५) सँग सम्बन्धित सेवा शुल्क सम्बन्धी दररेट)

| क्र.स | देखी | सम्म | दररेट | कैफियत |
|---|---|---|---|---|
| १. | कटहरी गाउँपालिका | कटहरी गाउँपालिका | रु. ५००। | |
| २. | | विराटनगर | रु. ६००। | |
| ३. | | इटहरी | रु. १,५००। | |
| ४. | | धरान | रु.२,४५०। | |
| ५. | | चितवन | रु.१८,०००। | |
| ६. | | काठमाण्डौ | रु.२३,०००। | |
| ७. | | काकरभित्ता | रु.५,०००। | |
| ८. | | दमक | रु.३,०००। | |
| ९. | | विर्तामोड | रु.४,५००। | |
| १०. | | इनरुवा | रु.२,००० | |
| ११. | | जिल्लाका अन्य नगर/गाउँपालिका | प्रति कि.मी रु.५० | |

- दुरीको हकमा गन्तव्य स्थान नै मान्य हुनेछ ।
- बाटोमा लाग्ने करहरु प्रयोगकर्त्ताले नै बेर्होनु पर्नेछ ।
- एम्बुलेन्सको तोकिएको सेवा शुल्क र माग फाराम भरी बिरामी लैजानु अगावै कार्यालयमा बुझाउनुपर्नेछ ।

© क्र.सं ३ देखी ११ सम्मको दररेट पहिलो संशोधनबाट संशोधित

प्रमुख प्रशासकीय अधिकृत

## अनुसुची २
### (निर्देशिकाको दफा ६ को उपदफा (३) सँग सम्बन्धीत)
### एम्बुलेन्स चालकले पालना गर्नुपर्ने आचार संहिता

१. एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका, २०७७ लाई पुर्णतः पालना गर्नुपर्नेछ ।

२. आफ्नो पेशागत भूमिका निर्वाह गर्ने क्रममा ईमान्दारिता र विश्वसनियता कायमा गर्दै आफ्नो पेशाको मान मर्यादामा खलल पुग्ने कुनै काम गर्न नहुने ।

३. मादक पदार्थ सेवन गरी एम्बुलेन्स चलाउनु नहुने ।

४ बिरामीको ओसारपसार तथा उपचार गर्ने क्रममा बिरामीको परिवारलाई सधै सम्मानपूर्वक व्यवहार गर्नुपर्नेछ ।

५. आफुले लिएको निर्णयहरुमा आफ्नै व्यक्तिगत रुपमा जिम्मेवार र जवाफदेही हुनुपर्ने ।

६. आफ्नो पेशागत दक्षता सुधार गर्दै लैजानुका साथै आफुमा भएका पेशागत दक्षता उपचारमा सहयोग गर्नुपर्ने ।

७. कुनै पनि बिरामीलाई ओसारपसार गर्नु अघि उसको बारेमा पर्याप्त जानकारी लिई उपचारमा सहयोग गर्नुपर्ने ।

८. बिरामलाई बिच बाटोमां छाड्न नहुने ।

९. आफ्नो कामको सिलसिलामा पाएका कुनै पनि सुचना गोप्य राख्नुपर्ने तथा बिरामीबाट पाएका जानकारी तेस्रो पक्षलाई खोल्न नहुने तर कानुनी र पेशागत दायित्व निर्वाह गर्न वा बिरामीको सेवामा आवश्यक परेमा त्यस्तो सुचना बारेमा जानकाररी दिन सक्ने ।

१०. अस्पताल पूर्व सेवा, एम्बुलेन्स गुणस्तरीय सेवा प्रभाव पार्ने राम्रा पक्षहरुको जानकारी आफ्नो सुपरिवेक्षक तथा स्वास्थ्य संस्थालाई जानकारी दिनुपर्ने ।

११. नेपाल सरकारले प्रतिबन्ध लगाएका वस्तुहरु ओसार प्रसार नगर्ने ।

म..................................(नाम) ....................ठेगाना......................ना.प्र.प.नं.................... जिल्ला, ड्राइभिङ लाईसेन्स नं....................ले माथिको उल्लेखित आचार संहिता अध्ययन गरेको छु । ......................जिल्ला.........................संस्थाको एम्बुलेन्स चलाउँदा मैले यो आचार संहिता पूर्ण रुपमा पालना गर्न सहमति जनाई सहि छाप गरेको छु ।

चालकको नाम:

दस्तखत:

मिति:

रोहबरमा प्रमाणित गर्ने व्यक्ति

दस्तखत:

नाम:

पद:

संस्थाको छाप:

CamScanner